नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

# जिल्ला प्रशासन कार्यालय, म्याग्दीको सूचना !

नेपालीहरुको महान चाड शुभ-दिपावली (तिहार), नेपाल सम्वत् र छठ पर्वको पावन अवसरमा सम्पूर्ण देश विदेशमा रहनु भएका जिल्लाबासी आमाबुबा, दाजुभाई र दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि साथै सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आसन्न तिहार तथा छठ जस्ता चाडपर्व मनाउने क्रममा कसैको इच्छा, चाहना विरुद्धका क्रियाकलाप तथा समाजमा अशोभनीय कार्य नगरी स्वतन्त्र र खुशीयालीपूर्वक चाडपर्व मनाउन, शान्ति सुरक्षा एवं अमनचयनको अवस्था कायम गरी राख्न तपसिल बमोजिम गर्न/गराउन अनुरोध छ ।

**तपसिल:-**

१. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थालाई मध्येनजर गरी देउसी-भैलो, नाचगान लगायतका साँस्कृतिक क्रियाकलापहरू बिहान ७ बजे देखि बेलुका १० बजे सम्म मात्र सञ्चालन गर्नु/गराउनु हुन ।
२. दिपावली मनाउने क्रममा प्रयोग हुने भुइचम्पा, पटका, अतिसबाजी जस्ता विष्फोटक पदार्थहरूको आयात, ओसारपसार, बिक्रिबितरण तथा प्रयोग नगर्नु/नगराउनु हुन ।
३. तिहार तथा दिपावलीको अवसरमा जुवातास, खोरखोरे/लङ्गुरबुर्जा, कौडा लगायतका पैसाको हारजीत हुने खेल नखेल्नु/नखेलाउनु हुन ।
४. मादक पदार्थको सेवन गरी शान्ति सुरक्षा एवं सर्वसाधारणलाई असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला गर्ने एवं झै-झगडा गर्ने जस्ता कार्य नगर्नु/नगराउनु हुन ।
५. भिडभाड तथा हुलहुज्जत जस्ता गतिविधि गरी समाजमा अशान्ति एवं अशोभनीय क्रियाकलाप नगर्नु/नगराउनु हुन ।
६. अखाद्य रंग मिलाईएका मिठाई, झिलिङ्गे रोटी जस्ता अस्वस्थ्य र गुणस्तरहीन खाद्य बस्तुहरूको बिक्रिवितरण र उपभोग नगर्नु/नगराउनु हुन ।
७. म्याद गुज्रेका भाईमसला, प्लाष्टिकजन्य फुलमालाहरूको प्रयोग र बिक्रिवितरण नगर्नु/नगराउनुहुन ।
८. बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालोबजारी, अस्वाभाविक मुल्यबृद्धि जस्ता कार्य नगर्नु/नगराउनु हुन ।
९. दिपावलीको अवसरमा बिजुली, दियोबत्ती तथा मैनबत्ती जस्ता सामाग्रीहरूको प्रयोग सावधानीपूर्वक गर्नुहुन ।
१०. सवारी साधनहरूको छतमा बस्ने, झुन्डिएर यात्रा गर्ने कार्य नगर्नु/नगराउनु हुन तथा विभिन्न वाहना बनाई लामो/छोटो दुरीका भाडाका सवारी साधनहरूले यात्रुसँग बढी पैसा असुल गर्ने, दुर्व्यवहार गर्ने, क्षमताभन्दा बढी यात्रु नराख्नु हुन तथा यदी राखेको पाइएमा प्रहरी कन्ट्रोल नं. १०० मा खबर गर्नुहुन ।
११. उल्लेखित कार्य गरेमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

अन्त्यमा चाडपर्वले विविधता बीचको एकता कायम राख्न, आपसी सहयोग र सद्भावको भावना जागृत गरोस्, शुभकामना !!!

**मिति २०८० कार्तिक २३ गते**

२०८०/७/२३

**धिरेन्द्र राज पन्त**
**सहायक प्रमुख जिल्ला अधिकारी**

धिरेन्द्र राज पन्त
... प्रमुख जिल्ला अधिकारी

*"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"*